# प्रेस विज्ञप्ती

नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) ले **'राष्ट्रिय उत्कृष्ट बार्षिक प्रतिवेदन प्रस्तुत पुरस्कार (National Best Presented Annual Report Award 2023),** मा प्रदान गर्ने विभिन्न विधाहरू मध्ये **Power and Energy** क्षेत्रतर्फ **बुटवल पावर कम्पनी लिमिटेड Gold Award** बाट सम्मानित भएको छ । नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था (ICAN) ले आर्थिक बर्ष २०७९/८० (२०२२/२३) मा कम्पनीले प्रकाशित गरेको बार्षिक प्रतिवेदनका आधारमा संस्थाको वित्तीय पारदर्शिता, जवाफदेहिता र सुशासनका लागि उक्त अवार्ड प्रदान गरिएको हो ।

मिति २०८१ श्रावण ५ गते काठमाण्डौमा आयोजित एक कार्यक्रममा नेपाल सरकारका माननिय उपप्रधान तथा अर्थ मन्त्री श्री विष्णु पौडेलले कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठलाई उक्त अवार्ड प्रदान गर्नु भएको थियो । यस अवार्डले कम्पनीलाई आगामी दिनहरूमा अझ बढी परिष्कृत वित्तीय विवरण प्रकाशित गर्न हौसला मिलेको छ । कम्पनीको परिष्कृत बार्षिक प्रतिबेदनले साउथ एशियन फेडेरेसन अफ एकाउन्टेन्ट्स् (साफा) ले दक्षिण एसियालीस्तरमा आयोजना गर्ने उत्कृष्ट बार्षिक प्रतिबेदन अवार्डका लागि समेत प्रतिस्पर्धा गर्ने छ ।

कम्पनीले हाल ९.४ मेगावाट तथा १२ मेगावाट क्षमताका २ वटा जलविद्युत केन्द्रहरूबाट विद्युत उत्पादन गरी स्याङ्जा, पाल्पा, प्युठान तथा अर्घाखाँची जिल्लाका करीव ६३,००० ग्राहकहरूलाई विद्युत वितरण गरी आएको छ । हाल संचालनमा रहेको ६० मेगावाटको खिम्ती प्रथम, ३० मेगावाटको न्यादी तथा ४ मेगावाटको खुदी जलविद्युत आयोजनाहरूमा कम्पनीको लगानी रहेको छ । निर्माणको चरणमा रहेको ३७.६ मेगावाट क्षमताको काबेली ए जलविद्युत आयोजनामा कम्पनीको लगानी रहेको छ भने पूर्ब निर्माणको चरणमा रहेका मर्स्याङ्दी बेसिन स्थित करीव ६०० मेगावाट क्षमताका तीनवटा जलविद्युत आयोजनाहरू कम्पनीको लगानी रहेको र ७.८ मेगावाट क्षमताको चिनोखोला जलविद्युत आयोजना निर्माण गर्ने योजना रहेको छ ।


OATH TAKING CEREMONY
&
NATIONAL BPA AWARD CEREMONY